# बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

श्रीपुर, कंचनपुर
सुदुर पश्चिम प्रदेश, नेपाल
स्थापित २०७३

प.सं.: २०७७/०७८ मिति: २०७७/१२/०१

**भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत संकलनका लागि आवश्यक कागजात तयारी गर्ने सम्बन्धमा सरोकारवालाहरुको जानकारीका लागि जारी गरिएको अत्यन्त जरुरी सूचना ।**

यस नगरपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको लगत संकलन सम्बन्धी कामको लागि यस नगरपालिकाका तथ्याकं संकलकहरु आगामी चैत्र महिनाको ३ गते बाट घरघरमा आउदै हुनुहुन्छ । फाराम अनुसारको यर्थाथ एंव वस्तुनिष्ठ विवरण पछिसम्म फरक नपर्ने गरी संकलन गर्नुपर्ने भएकाले यस नगरपालिकामा रहनु भएका सम्पूर्ण भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अवस्थित बसोबासीहरुले तपसिल बमोजिमका कागजातहरु तयार गरी राख्नुहुन यसै सूचना मार्फत् सम्बन्धित सबैमा अनुरोध छ । साथै, उक्त कार्यमा सहजीकरण गरिदिनुहुन वडा स्तरीय सहजीकरण समिति, राजनीतिक दलका प्रतिनिधीहरु, नागरिक समाज, शिक्षक तथा संचारकर्मीहरुमा यस कार्यालय हार्दिक अनुरोध गर्दछ । तथ्यांङ्क संकलनको समयमा तथ्यांङ्क उपलब्ध नभएमा सोको जवाफदेहिता घरमुलीमा नै रहने व्यहोरा समेत यसै सूचना मार्फत् सबैमा अनुरोध छ ।

**तपसिल**

| सि.नं. | अव्यवस्थित बसोबासीको लागि आवश्यक कागजात (अनुसूची ४) | भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको लागि आवश्यक कागजात (अनुसूची ३) |
|---|---|---|
| १) | परिवारमुली/पति/पत्नीको फोटो २/२ प्रति | फोटो (परिवारमुली र पति/पत्नी) |
| २) | आवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी | नागरिकता प्रमाण पत्रको प्रतिलिपी (परिवारमुली र पति/पत्नी) |
| ३) | पति/पत्नीको मतदाता परिचय पत्रको प्रतिलिपी | मतदाता प्रमाण पत्रको प्रतिलिपी (पति र पत्नी) |
| ४) | परिवारका अन्य सदस्यहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी | परिवारका सबै सदस्यहरुको नागरिकता प्रमाण पत्रको प्रतिलिपी |
| ५) | आवाद/कमोत गरेको निस्सा/प्रमाण | जग्गा उपभोगको प्रमाण<br>-विद्युत, पानीको महसुल तिरेको रसिद<br>-स्थानीय तहले दिएको सिफारिस<br>-घरसारको कागज<br>-भोगचलन गर्न दिएको प्रमाण<br>-घरको नक्सा पासको प्रतिलिपी<br>-विगतका सुकुम्बासी समाधान सम्बन्धि आयोग, समिति वा कार्यदल समक्ष कुनै निवेदन दिएको र कारवाही अघि बढेको भए सो को निस्सा/प्रमाण |

प्रमुख प्रशासकीय अधिकृत

बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
श्रीपुर, कंचनपुर
सुदूर पश्चिम प्रदेश, नेपाल
स्थापित २०७३

| सि.नं. | अव्यवस्थित बसोबासीको लागि आवश्यक कागजात (अनुसूची ४) | भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको लागि आवश्यक कागजात (अनुसूची ३) |
|---|---|---|
| ६) | छिमेकी स्थानीय तहको जग्गा समेत आवाद/कमोत गरेको भए उपभोग गरिरहेको भन्ने व्यहोराको सो तहको सिफारिस | आरक्ष /निकुञ्जबाट विस्थापित भएको भए सो को निस्सा/ प्रमाण |
| ७) | सम्बन्धित वडा कार्यालयले आवाद/कमोत गरिरहेको जग्गाको अवधी खुलेको प्रमाण | मुक्त हलिया, कमैया, कम्लहरी,हरुवा,चरुवा बस्नु परेको कुनै प्रमाण/निस्सा/सिफारिस |
| ८. | माग गरेको जग्गा कम्तिमा दश वर्ष अघिबाट आवाद/कमोत हुदै आएको हो भनी प्रमाणित गरेको सम्बन्धित वडाको सिफारिस | |
| ९. | आफू र परिवारका सदस्यका नाममा अन्यत्र रहेको सबै जग्गाको पुर्जाको प्रतिलिपी | |
| १०. | उपभोगको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपी | |
| ११. | अन्य उपलब्ध प्रमाण | |

**अन्य विषयहरु**

- गणकहरु वडा-वडामा खटिई आउने छन् ।
- तथ्यांङ्क संकलन गर्न आउने संकलनकर्ताहरुलाई राजनीतिक दलका प्रतिनिधीहरु, नागरिक समाजका सदस्यहरुले सहयोग गर्नु पर्नेछ ।
- तथ्यांङ्क संकलनको क्रममा १ जना वडा सदस्य गणक संगै जानुपर्ने छ ।
- नेपाल राज्यभर एकै ठाँउबाट फाराम मात्र भर्नुपर्ने छ ।
- छिमेकी स्थानीय तहमा रहेको जग्गाको विवरण उल्लेख गर्न सकिनेछ ।

(नेत्रप्रसाद पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत